जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ✼ अंक : २४३ ✼ २०८२ साल चैत्र १५ गते, आईतबार ✼ Sunday, Mar.– 29 2026 ✼ मूल्य रु. ५/- पृष्ठ : ४

## पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखक पक्राउ, स्वास्थ्य परीक्षणपछि अदालतमा पेश हुने तयारी





दास पन्नालाल--
काठमाडौं/बारा, १४ चैत २०८२ - नेपालमा ऐतिहासिक घटना घटेको छ। शुक्रबार राति पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई भक्तपुरको गुण्डुस्थित निवासबाट प्रहरीले नियन्त्रणमा लिएको हो। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका एसएसपी सन्तोष खड्का नेतृत्वको टोलीले रातिदेखि परिचालन भएर ओली निवासमा प्रवेश गरी उनलाई पक्राउ गरेको स्रोतले जनाएको छ।

उक्त घटनासँगै तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पनि शुक्रबार बिहान भक्तपुरको कटुन्जेस्थित निजी निवासबाट पक्राउ गरिएको हो। दुवैलाई भदौ २३ र २४ गतेको ‘जेनजी आन्दोलन’ दमनमा १९ जनाको ज्यान गएको आरोपमा अनुसन्धानका लागि नियन्त्रणमा लिइएको हो।

तीन दिनअघि सार्वजनिक भएको जाँचबुझ आयोगको प्रतिवेदनले ओली, लेखक र पूर्वप्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङमाथि मुलुकी अपराध संहिता २०७४ को दफा १८२ अन्तर्गत ‘हेलचेक्र्याईं गरी ज्यान मार्न नहुने’ कसुरमा कारबाही गर्न सिफारिस गरेको थियो। दोषी ठहर भए तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा बसेको मन्त्रिपरिषद बैठकले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेपछि गृहमन्त्री सुदन गुरुङले घटनाको अनुसन्धान अघि बढाउन प्रहरीलाई निर्देशन दिएका थिए। महान्यायाधिवक्ता कार्यालयका अनुसार, पीडित परिवारले दर्ता गराएको जाहेरीको आधारमा पक्राउ प्रक्रिया अघि बढाइएको हो। प्रहरीले ओलीलाई ८अदालतको पूर्वअनुमति नलिई ‘जरुरी पुर्जी’८का आधारमा नियन्त्रणमा लिएको जनाएको छ।

ओलीको स्वास्थ्य परीक्षण त्रिवि शिक्षण अस्पताल, महाराजगंजमा भइरहेको छ। अस्पतालका प्रवक्ता डा. गोपाल सेढाईंका अनुसार, आकस्मिक कक्षमा अध्यक्ष ओलीको स्वास्थ्य परीक्षण भइरहेको छ। यसअघि लेखकको स्वास्थ्य परीक्षण काठमाडौंको तीनकुनेमा रहेको एक अस्पतालमा गरिसकिएको छ।

काठमाडौं प्रहरी परिसरका अनुसार, आज शनिवार सार्वजनिक बिदा भएकाले दुवैलाई भोलि आइतबार जिल्ला अदालत काठमाडौंमा उपस्थित गराएर बयान प्रक्रिया सुरु गरिने तयारी छ। प्रहरीले हिरासतमा राख्नु अघि स्वास्थ्य परीक्षण गराउने कानुनी प्रचलनको पालन गरेको छ। काठमाडौं उपत्यकामा सुरक्षा कडा पारिएको छ। उच्च सतर्कताको लागि सबै जिल्लाका सुरक्षा निकायलाई निर्देशन दिइएको छ। विशेषज्ञहरूले यो घटनालाई नेपालको राजनीतिक इतिहासमा ऐतिहासिक क्षणको रूपमा मूल्याङ्कन गरेका छन्।

## सीमामा “कडाइ”को दाबीबीच तस्करी मौलायो: भारतीय एसएसबी सक्रिय, बाराका सुरक्षाकर्मी निष्क्रिय?

***संवाहक सम्वादाता**-१४चैत्र,* कलैया

नेपाल-भारत सीमामा सुरक्षा कडाइ गरिएको दाबी भइरहँदा अवैध तस्करी भने झन् संगठित र सक्रिय बन्दै गएको देखिएको छ। पछिल्ला घटनाक्रमले सीमाक्षेत्रमा तस्करीको जालो मौलाउँदै गएको संकेत गरेका छन्, जसलाई भारतीय सशस्त्र सीमा बल (एसएसबी) का कारबाहीहरूले थप पुष्टि गरेका छन्।





शुक्रबार राति एसएसबी ७१औँ बटालियन पिपराकोठिको सक्रियतामा बारा सीमासँग जोडिएको क्षेत्रमा मदिरा तस्करीको प्रयास विफल पारिएको छ। गोप्य सूचनाका आधारमा गरिएको अपरेशनमा करिब १७४ लिटर अवैध मदिरा बरामद गरिएको छ भने एक जनालाई पक्राउ गरिएको छ। सीमा स्तम्भ नजिकै संदिग्ध गतिविधि देखिएपछि सुरक्षाकर्मीले रोक्न खोज्दा तस्करहरू सामान फालेर भाग्न खोजेका थिए।

यसैबीच, अर्को कारबाहीमा दुई वटा गोरुसहित एक जनालाई नियन्त्रणमा लिँदै गोरु तस्करीको प्रयास पनि विफल पारिएको छ। प्रारम्भिक अनुसन्धानले गोरुहरू नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको देखाएको छ।

तर यी घटनाले एउटा गम्भीर प्रश्न उठाएका छन्—सीमामा नेपाली सुरक्षा संयन्त्र कहाँ छ? जब बारामा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले ‘बोर्डर सिल’ गरिएको दाबी गरिरहेका छन्, त्यही समयमा भारतीय एसएसबीले बारम्बार अवैध सामान समातिरहेको अवस्था देखिएको छ। यसले सीमा सुरक्षामा समन्वयको अभाव वा निगरानी कमजोर रहेको आशंका बलियो बनाएको छ।

यसअघि चैत ५ गते पनि भारतीय सुरक्षाकर्मीले बारा-भारत सीमाक्षेत्र हुँदै सञ्चालन भइरहेको बीउ तस्करीको ठूलो जालो पर्दाफास गरेका थिए। एसएसबी र डाइरेक्टोरेट अफ रेवेन्यू इन्टेलिजेन्स (डीआरआई) को संयुक्त कारबाहीमा ३०० बोरा फर्सीको बीउसहित एक ट्रक नियन्त्रणमा लिइएको थियो। करिब ११ हजार ५ सय ५० किलोग्राम तौल रहेको उक्त बीउको मूल्य भारतीय बजारमा करिब ३६ लाख ९६ हजार रुपैयाँ (नेपाली करिब ६० लाख) रहेको बताइएको थियो। अनुसन्धानले , कवही र रौतहटको बन्कुल क्षेत्रबाट मोटरसाइकलमार्फत बीउ भारत पुऱ्याई त्यहाँ संकलन गरी ट्रकमार्फत अन्यत्र पठाउने संगठित तस्करी सञ्जाल सक्रिय रहेको देखाएको थियो। उक्त घटनामा दुई भारतीय नागरिकलाई पक्राउ गरिएको थियो।

लगातार भइरहेका यस्ता घटनाले सीमामा तस्करी केवल छिटफुट नभई संगठित र योजनाबद्ध रूपमा सञ्चालन भइरहेको स्पष्ट पार्छ। अझ चिन्ताजनक पक्ष भनेको– अवैध कारोबार भारतीय पक्षले नियन्त्रणमा लिँदा नेपाली सुरक्षा निकाय भने प्रभावकारी रूपमा सक्रिय देखिँदैनन्।

## नयाँ पुस्ताको उदय: बालेन्द्र शाहको नेतृत्वको यात्रा चुनौती र अवसरको संगम।

*नयाँ “नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहको उदयले नेपाली राजनीतिमा नयाँ पुस्ताको आगमन र जनमैत्री नेतृत्वको संकेत दिएको छ। मेयरदेखि प्रधानमन्त्रीसम्मको उनको असामान्य यात्रा भाषणभन्दा काममा प्राथमिकता दिने शैली, प्रशासनिक सुधार र जनताको अपेक्षामा आधारित निर्णयमा आधारित छ। अब चुनौती स्थिरता कायम राख्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र दीर्घकालीन सामाजिक-आर्थिक सुधार ल्याउने छ। जनताले अब केवल आशा होइन, परिणामको अपेक्षा गर्छन्, र यही परिणामले उनका नेतृत्वको वास्तविक मूल्य निर्धारण गर्नेछ।”*

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहले पद तथा गोपनीयताको शपथ लिएसँगै नेपाली राजनीतिमा नयाँ पुस्ताको उदयको स्पष्ट संकेत



लेखक: पन्नालाल दास

दिएका छन्। शीतल निवासमा रामचन्द्र पौडेलद्वारा सम्पन्न शपथ ग्रहण समारोह केवल औपचारिकता थिएन; यसले परिवर्तनप्रति जनअपेक्षा र नयाँ नेतृत्वप्रतिको विश्वास दुवै झल्काएको थियो। शाहको शपथले केवल राजनीतिक सत्ता हस्तान्तरण मात्र नभई जनताको आशा, सक्रिय सहभागिता र नयाँ शैलीको नेतृत्वको प्रतीकको रूपमा पनि महत्व बोकेको छ।

उनको यात्रा अत्यन्तै असामान्य र प्रेरणादायी छ। इन्जिनियरिङ, र्‍याप संगीत, मेयर र संसदीय राजनीतिमा प्रवेश—यी सबै विविध पृष्ठभूमिले उनको नेतृत्वलाई फरक र जनमैत्री बनाएको छ। स्वतन्त्र उम्मेदवारको रूपमा काठमाडौं महानगरपालिकामा विजय हासिल गर्नु, भाषणभन्दा काममा प्राथमिकता दिने, अवैध संरचना हटाउने, प्रशासनिक सुधार गर्ने, र जनतासँग नजिकै संवाद कायम राख्ने शैलीले उनलाई विश्वासिलो नेता बनाएको छ। शाहले मधेसीको अपेक्षा र प्रतिनिधित्वलाई पनि वास्तविकतामा रूपान्तरण गरे, जसले मधेशी समुदायमा उत्साह र विश्वास जगाएको छ।

तर यो उपलब्धिसँगै चुनौतीहरूको पहाड पनि उभिएको छ। विशेष

बाँकी तेस्रो पृष्ठमा

## जनमत पार्टी बारामा गजानन्द यादव सर्वसम्मत जिल्ला अध्यक्ष चयन

***संवाहक सम्वादाता**-१४चैत्र,* कलैया

जनमत पार्टीको संगठन विस्तार कार्यक्रम तथा केन्द्रीय सर्कुलरअनुसार बारा जिल्लाको पदाधिकारी चयन कार्यक्रम अनुरुप शनिबार चैत्र १४ गते क्षेत्र नं. २ को क्षेत्रीय कार्यालय बरियारपुरमा आयोजित भेलाले गजानन्द यादवलाई जिल्ला अध्यक्षमा सर्वसम्मत रूपमा चयन गरेको छ। अध्यक्ष यादवसहित ७ सदस्यीय जिल्ला पदाधिकारी समिति पनि सर्वसम्मत रूपमा गठन गरिएको कौन्द्रिय सदस्य विकास सिंहले जानकारी गराए।





केन्द्रीय सचिवालय प्रतिनिधि रामबाबु साहको अध्यक्षतामा सम्पन्न उक्त भेलामा केन्द्रीय कार्यकारिणी समिति सदस्यको रोहबरमा जिल्ला पदाधिकारी समिति चयन गरिएको हो। कार्यक्रममा केन्द्रीय सदस्य विकास सिंह, रौशन खातुन, केन्द्रीय राजनीतिक समिति सदस्य कामेश्वर यादव, राजकुमार कुश्वाहा, आरके राउत, राधिका देवी, नगिना यादव , केन्द्रिय सदस्य तथा क्षेत्रनं२ का क्षेत्रय अध्यक्ष कार्तिकदेव पाण्डेय, प्रदेश सदस्य रामाशंकर कुश्वाहा तथा १ का क्षेत्रिय अध्यक्ष रामबिनोद यादव लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

त्यस्तै, भेलामा जिल्ला समिति तथा पार्टी आबद्ध कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको जनाइएको छ। कार्यक्रममा क्षेत्र नं. १ का उम्मेदवार डा. कमरुल्लाह अंसारी, क्षेत्र नं. २ का सिए राजेश साह तथा क्षेत्र नं. ३ का हसनजान अंसारी पनि सहभागी भएका थिए।

भेलाले जिल्लामा पार्टी संगठनलाई थप सुदृढ बनाउँदै आगामी गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने नवनिर्वाचित अध्यक्ष यादवले प्रतिबद्धता व्यक्त गरेका छन्। निर्वाचन पछि पार्टीको निर्वाचनको समीक्षा गर्दै जिलपला कमिटिको भुमिकालाई शसक्त प्रभावकारी बनाउन नयाँ जिल्ला समिति चयन गरिएको केन्द्रिय प्रतिनिधि साहले बताएका छन्।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# बालेन सरकार नयाँ पुस्ताको उदय कि कठिन परीक्षाको सुरुवात?

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह ले शपथ ग्रहण गरेसँगै नेपाली राजनीतिमा नयाँ पुस्ताको उदय भएको सन्देश दिएको छ। रामचन्द्र पौडेल द्वारा शीतल निवास मा सम्पन्न शपथ समारोह केवल औपचारिकता मात्र थिएन, यसले परिवर्तनप्रति जनअपेक्षा र नयाँ नेतृत्वप्रतिको विश्वासलाई पनि झल्काएको छ।

इन्जिनियर, र्‍यापर, मेयर हुँदै प्रधानमन्त्रीसम्मको उनको यात्रा असामान्य मात्र होइन, परम्परागत राजनीतिलाई चुनौती दिने संकेत पनि हो। राष्ट्रिय स्वतन्त्र पार्टी मार्फत संसदीय राजनीतिमा प्रवेश गरेका शाहले छोटो समयमै कार्यकारी नेतृत्व सम्हाल्नु परिवर्तनको तीव्र चाहनाको परिणाम हो।

तर, यो उपलब्धिसँगै चुनौतीहरूको पहाड पनि उभिएको छ। विशेषगरी पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखक को गिरफ्तारीपछि उत्पन्न राजनीतिक तनाव तत्काल समाधान गर्नुपर्ने पहिलो परीक्षा हो। आन्दोलन र प्रतिरोधलाई शान्त पार्दै विधि र कानुनको शासन कायम गर्नु सरकारको प्राथमिक जिम्मेवारी हुनेछ।

त्यससँगै, सुशासन स्थापना, भ्रष्टाचार नियन्त्रण, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार तथा बेरोजगारी न्यूनीकरणजस्ता दीर्घकालीन मुद्दाहरू अझ जटिल रूपमा अगाडि आएका छन्। जनताले दिएको नयाँ जनादेश केवल अनुहार परिवर्तनका लागि होइन, प्रणालीगत सुधारका लागि हो भन्ने कुरा सरकारले बुझ्न आवश्यक छ।

अर्कोतर्फ, राष्ट्रवाद र भू-राजनीतिक सन्तुलन पनि उत्तिकै संवेदनशील विषय बनेको छ। लिपुलेक, लिम्पियाधुरा र महाकाली क्षेत्रसँग सम्बन्धित विवादले नेपाल-भारत-चीन सम्बन्धलाई पेचिलो बनाएको छ। प्रधानमन्त्री हुँदा यी विषयहरूमा सन्तुलित, परिपक्व र दृढ कूटनीति आवश्यक पर्नेछ।

मेयरका रूपमा कठोर निर्णय लिने छवि बनाएका शाह अब राष्ट्रिय स्तरमा अझ परिपक्व, समावेशी र दूरदर्शी नेतृत्व दिन सक्षम हुन्छन् कि हुँदैनन्, त्यो समयले परीक्षण गर्नेछ।

निष्कर्षमा, बालेन्द्र शाहको उदय आशाको संकेत अवश्य हो, तर त्यो आशालाई यथार्थमा रूपान्तरण गर्न उनले सामना गर्नुपर्ने चुनौतीहरू झन् ठूलो छन्। नयाँ नेपालको सपना देख्ने जनताले अब परिणाम चाहन्छन्–र त्यो परिणाम दिने जिम्मेवारी अहिले उनको काँधमा छ।

# सार्वजनिक प्रशासनको विनिर्माण




जिल्ला अदालतको कार्यबोझ स्थानविशेषको जनघनत्व, आर्थिक गतिविधि, मानिसको गतिशीलता, चेतना र आर्थिक पूर्वाधारको विकासले असर पारिरहेको हुन्छ। विभिन्न कालखण्डमा नेपाली समाजमा भएका थरी थरीका आन्दोलनले समाज एवं परिवारको मूल्य व्यवस्थामा गुणात्मक परिवर्तन भइरहेका छन्। संयुक्त परिवार एकाकी भइरहेछ। प्रविधिमा भएको विकास, जस्तो, बिजुली, धारा, ग्यास, फ्रिज, फोन, बस जस्ता यातायात सुविधाले आममानिसको जीवनलाई बदलिदिएको र जीवन स्तर उठाएको छ।

प्रकाश अधिकारी

सार्वजनिक बिदाबाहेकका दिनमा मुलुकभरका नेपालका अदालतले गर्ने फैसलाले हजारौं मानिसको दैनन्दिनलाई प्रभावित गरिरहेको हुन्छ। कुनै फैसलाको असर मुद्दाका पक्षसम्म सीमित रहन्छ भने व्यक्तिको अधिकार, प्राप्त गर्ने लाभ र प्रतिपादन हुने सिद्धान्तले सबै नेपाली नागरिकलाई दूरगामी प्रभाव पार्ने फैसला पनि हुने गर्छन् । अदालतको फैसला कसैले इच्छा गरोस् वा नगरोस् कसैको विरुद्ध दिइन्छ अर्थात् अदालतको फैसला कसैको इच्छा वा विचारमा आधारित हुँदैन। त्यसैले फैसलाप्रति सबैको सहमति नहुन सक्छ, विमति पनि रहन्छ। फैसलाको वैधानिकता र कानुनको अन्तिम व्याख्याता अदालत भएको कुरालाई सबैले स्वीकार गर्छन्। संविधान बमोजिम "मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नु पर्छ ।" नेपाली नागरिकको कानुनको शासनप्रतिको दृढ विश्वासलाई साकार पार्न अदालतजत्तिको तागतदार संस्था र विद्यमान न्यायिक प्रणालीको विकल्प देखिएको छैन । नागरिक सुरक्षित रहनुमा राज्यको सरोकार हुन्छ । नागरिकलाई सुरक्षित गर्ने न्यायले राष्ट्रको सार्वभौमसत्तालाई मजबुत बनाउँछ । आकाशै खसे पनि न्याय दिने कामबाट बिचलन नहोस्, यसै मेसोमा भनिएको हो। न्यायका लागि दायर गरिने मुद्दामामिलाको कारबाही, सुनुवाइ र किनारा प्रचलित कानुन र प्राकृतिक न्याय एवं शुद्ध अन्तःकरणको आधारमा अदालत वा न्यायिक निकायद्वारा गरिने संसारभरिको अभ्यास छ। नेपालमा न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिन्छ । संविधानद्वारा गठित जिल्ला अदालत सामान्यतः आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिका मुद्दाको सुरु कारबाही, सुनुवाइ एवं किनारा गर्ने पहिलो न्यायिक निकाय र नियमित अदालत हो । विसं २०३१ मा प्रत्येक विकास जिल्लामा सुरु तहको अदालतमा जिल्ला अदालत राख्ने सरकारी नीति भएर तदनुरूप प्रत्येक जिल्ला सदरमुकाममा मुकाम रहने हालका जिल्ला अदालत गठन गरिएका हुन् । संखुवासभा जिल्ला अदालतको मात्र सदरमुकाम बाहिर चैनपुर मुकाम तोकिएको छ । जिल्ला अदालतमा मुद्दाको चाप अनुसार कम्तीमा एक जनादेखि आवश्यक सङ्ख्यामा थप जिल्ला न्यायाधीश रहन्छन् । एकल न्यायाधीशको इजलासद्वारा अदालतको अधिकारक्षेत्र प्रयोग हुन्छ । राज्यविरुद्धका कसुर र समाजविरुद्धका ज्यानसम्बन्धी, महिला र बालबालिका हिंसा, चोरी तथा डाँका, ठगी जस्ता परम्परागत तथा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका कसुर, राष्ट्रिय तथा सार्वजनिक सम्पदाविरुद्धका कसुर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी मुद्दा जिल्ला अदालतको फौजदारी क्षेत्राधिकारमा पर्छन्। देवानीमा अंशबन्डा, नाता कायम, बालबालिकाको संरक्षकत्व, धर्मपुत्र, धर्मपुत्री, सम्बन्धविच्छेद, विवाह, अपुताली, जग्गाको साँध सिमाना, लेनदेन, करार, दुष्कृति आदि मुद्दा जिल्ला अदालतमा दायर गर्नु पर्छ ।

जिल्ला अदालतको कार्यबोझ स्थानविशेषको जनघनत्व, आर्थिक गतिविधि, मानिसको गतिशीलता, चेतना र आर्थिक पूर्वाधारको विकासले असर पारिरहेको हुन्छ । विभिन्न कालखण्डमा नेपाली समाजमा भएका थरी थरीका आन्दोलनले समाज एवं परिवारको मूल्य व्यवस्थामा गुणात्मक परिवर्तन भइरहेका छन् । संयुक्त परिवार एकाकी भइरहेछ। प्रविधिमा भएको विकास, जस्तो, बिजुली, धारा, ग्यास, फ्रिज, फोन, बस जस्ता यातायात सुविधाले आममानिसको जीवनलाई बदलिदिएको र जीवन स्तर उठाएको छ । प्रविधिको प्रभावले परिवारमा आत्मनिर्भरता, व्यावसायिक र जनसङ्ख्या गतिशीलता, नातेदारी बफादारीको अपेक्षा अन्तरवैयक्तिक सम्बन्धमा अधिक निर्भर रहने समाजको प्रादुर्भाव भइरहेछ । शिक्षा र बढिरहेको आर्थिक स्वायत्तताले महिला, दलित, सीमान्तकृत वर्ग र समुदायमा आत्माभिमान एवं स्वतन्त्रता अभ्युत्थान भएको छ । समाज र परिवार अब कुनै जात, धर्म वा वर्ग प्रधान नभएर समतावादी (इक्विलिटरियन) भएर गइरहेको अदालतमा परेका मुद्दाको प्रकृति र परिमाणले दर्शाउँछ । सर्वोच्च अदालतद्वारा प्रकाशित वार्षिक प्रतिवेदन, २०८०/८१ अनुसार गत आर्थिक वर्षको आरम्भसम्ममा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा मुद्दाको लगत चार लाख ९२ हजार आठ सय ३७ थियो। यीमध्ये सर्वोच्च अदालतमा ४२ हजार नौ सय १७, उच्च अदालतमा ८४ हजार पाँच सय ३३ र जिल्ला अदालतमा तीन लाख ६५ हजार तीन सय ८७ मुद्दा थिए । उक्त आवमा सर्वोच्च अदालतले ३८.८९ प्रतिशत अर्थात् १६ हजार छ सय ८९ मुद्दा फर्स्योट गरेको, उच्च अदालतले ५९ हजार १९८ मुद्दा फर्स्योट गरी प्रतिशतमा ७०.०३ पुऱ्याएको र जिल्ला अदालतको प्रतिशतमा ६७.४८ एवं सङ्ख्यामा दुई लाख ४६ हजार पाँच सय ५५ मुद्दा फर्स्योट भए । सो आवमा सबैभन्दा बढी काठमाडौं जिल्ला अदालतमा ४९ हजार आठ सय २७ र सबैभन्दा कम मनाङ जिल्ला अदालतमा नौ मुद्दाको लगत थियो । उच्च अदालततर्फ उच्च अदालत पाटनमा सबैभन्दा बढी १५ हजार १४६ र उच्च अदालत जुम्ला इजलासमा सबैभन्दा कम २७९ मुद्दा थिए । त्यस आवमा सबैभन्दा धेरै लगत भएको मुद्दा सम्बन्धविच्छेद थियो। जिल्ला ३९ हजार ५४, उच्च एक हजार २०६ र सर्वोच्च अदालतमा ६० गरी ४० हजार ३२० सम्बन्धविच्छेदका मुद्दा विचाराधीन रहेकामा जिल्ला, उच्च र सर्वोच्च अदालतद्वारा क्रमशः ३० हजार ९०४, ८४० र आठ सोही आवमा फर्स्योट भए । सम्बन्धविच्छेदका अधिकांश मुद्दा मिलापत्र वा एकपक्षीय सुनुवाइद्वारा जिल्ला अदालतबाट नै टुङ्गिन्छन् । सो आवमा सम्बन्धविच्छेदसहित पारिवारिक विवादका ७९ हजार ८९७ मुद्दा जिल्ला अदालतमा विचाराधीन थिए । यीमध्ये ५४ हजार ६१८ मुद्दा फर्स्योट गरी २५ हजार २७९ मुद्दा अर्को आवमा सरेको देखिन्छ । अंश, अपुताली, विवाह, मातृत्व वा पितृत्व कायम, धर्मपुत्र, धर्मपुत्री, माथवर जस्ता परिवारको अमनचयनसँग जोडिएका दुई तिहाइभन्दा बढी मुद्दा जिल्ला अदालतबाटै फर्स्योट भए । उच्च अदालतमा छ हजार ४९७ पारिवारिक विषयका मुद्दा विचाराधीन हुनुले अधिकांश मुद्दाका पक्षले जिल्ला अदालतकै फैसलमा चित्त बुझाएर बसेको अनुमान गर्न सकिन्छ । उच्च र जिल्ला अदालतको उल्लिखित तथ्याङ्क एकै आवको भएको हुँदा उच्च अदालतमा विचाराधीन उल्लिखित मुद्दा जिल्ला अदालतका अघिल्ला आवका फैसला उपरको पुनरावेदन हो भन्ने बुझ्नु पर्छ । जिल्ला अदालतमा सम्पत्तिसम्बन्धी मुद्दाको चाप उल्लेख्य छ। २०८०/८१ मा जग्गा, लेनदेन, सार्वजनिक जग्गा, गुठी, लिखत बदर, घरबहाल, दानबकस जस्ता दुनियाँवादी भनिने सम्पत्तिसम्बन्धी ६३ हजार ४६६ मुद्दा जिल्ला अदालतमा मौजुद रहेकामा ३४ हजार ३३६ फर्स्योट भएर २९ हजार १३० अर्को आवमा सरेका थिए। उच्च अदालतमा यिनै सम्पत्ति विषयका मुद्दा सङ्ख्या नौ हजार सात सय ८८ र सर्वोच्च अदालतमा छ हजार छ सय १२ देखिएबाट मुद्दाको जटिलता, संवेदनशीलता र मुद्दाका पक्षले दिएको महत्वले जिल्ला अदालतको फैसलाउपर धेरै पुनरावेदन पर्ने कुरातर्फ सङ्केत गर्छ । सम्पत्तिसम्बन्धी मुद्दामा सबैभन्दा बढी जग्गा विषयक १२ हजार ७७९ मुद्दा जिल्ला अदालतमा थिए, उच्च र सर्वोच्च अदालतमा यो सङ्ख्या क्रमशः दुई हजार ३४७ र तीन हजार ४८६ भएको देखिन्छ । फौजदारी मुद्दाको तथ्याङ्क अवलोकन गर्दा उक्त आवमा ज्यानसम्बन्धी जिल्ला, उच्च र सर्वोच्च अदालतको मुद्दाको लगत क्रमशः चार हजार छ सय ४२, चार हजार ८०१ र दुई हजार ५६० थियो । यीमध्ये सोही आवमा जिल्ला, उच्च र सर्वोच्च अदालतबाट क्रमशः दुई हजार ५४७, तीन हजार १२८ र ८६६ मुद्दा फर्स्योट भए । ज्यानसम्बन्धी कसुरमा कर्तव्य ज्यान, आवेशप्रेरित हत्या, भवितव्य ज्यान, गर्भपतन, ज्यान मार्ने उद्योग र आत्महत्या दुरुत्साहन पर्छन् । जन्मकैदसम्म सजायको प्रावधान भएको करणीसम्बन्धी मुद्दाको सो आवको लगत जिल्लाको छ हजार ४५३, उच्चको चार हजार ६४९ र सर्वोच्च अदालतको दुई हजार ५७१ भएको देखिन्छ । यीमध्ये सोही आवमा जिल्ला, उच्च र सर्वोच्च अदालतबाट क्रमशः तीन हजार ८०१, तीन हजार २७३ र ६१२ मुद्दा फर्स्योट गरिए । परम्परागत कसुरमध्येको चोरी एक गम्भीर सामाजिक अपराध हो । यो बेइमानीका नियतले गरिन्छ । साधारण चोरी, घरको मूल ढोका फोरी वा अन्य बाटोबाट प्रवेश गरी नकबजनीका तरिकाले गरिने चोरी र डाँकालाई चोरी अन्तर्गत राखिन्छ । आव २०८०/८१ मा जिल्ला, उच्च र सर्वोच्च अदालतमा गरी नौ हजार ८९५ चोरी मुद्दाको लगत थियो । जिल्ला अदालतमा मात्रै छ हजार ८३६ चोरीका मुद्दा मौजुद भएकामध्ये चार हजार ७१५ सोही आवमा फर्स्योट भए । उच्च र सर्वोच्च अदालतमा लगत र फर्स्योट क्रमशः दुई हजार ८५२ र एक हजार ८७० तथा २०७ र १०४ भएबाट चोरी मुद्दाको फर्स्योट उल्लेख्य देखिन्छ। आपराधिक विश्वासघात, लाभ, प्रवेश तथा उपद्रव, ठगी, मुद्रा, टिकट, लिखत, नापतौल र पशुपन्छी विषयका एकमुष्ट जिल्ला, उच्च र सर्वोच्च अदालतमा क्रमशः २६ हजार ४९६, १६ हजार १७१ र पाँच हजार ९२२ मुद्दा विचाराधीन रहँदा सोही आवमा १६ हजार १५०, १० हजार ६९० र एक हजार ७८२ मुद्दा फर्स्योट भए । कुटपिट र लुटपाट परम्परागत दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या उल्लेख्य देखिन्न । नेपालभरिका जिल्ला अदालतमा कुटपिटका एक हजार ४४६ र लुटपाटका ६५० मुद्दा हुनुले यस प्रकृतिका वारदातमा कमी आएको भन्न मिल्छ । वर्तमान विश्वमा चिन्ता, चुनौती र चासोको विषय लागु औषधका मुद्दाको लगत जिल्ला अदालतमा छ हजार ८०३ हुनुले उर्वर वयका युवालाई यसले गाँजिरहेको र सामाजिक आर्थिक विकृतिको एक कारक तत्वको स्थान लिइसकेको देखिन्छ। चिन्ताको कुरा, नेपालले लागु औषध नियन्त्रण गर्न कुनै महत्वपूर्ण प्रगति हासिल गर्न सकेको देखिएको छैन। दुनियाँ वादी भई दायर हुने चेक अनादरको मुद्दा सङ्ख्या भने निकै उच्च छ । उल्लिखित आवमा जिल्ला अदालतहरूमा चेक अनादरका मुद्दाको लगत २६ हजार १५८ मध्ये आधाभन्दा कम १२ हजार ९९३ मात्र फर्स्योट हुनु फैसलाद्वारा नभएर मेलमिलाप गरी मुद्दा टुङ्ग्याउने पक्षको चाहनाले हो । कपाली तमसुक गरेर कर्जा लिने असामीले भाकामा नतिर्दा आयटिकट र अदालती दस्तुर दाखिला गरी लेनदेन मुद्दा दायर गर्न सकिन्छ तर चेक अनादर मुद्दामा सामान्य दस्तुर तिरे पुग्छ। लेनदेन व्यवहार गर्दा चेकलाई जाकटी राखेर कर्जा लिने व्यवहारको लोकप्रियतालाई यसले सङ्केत गर्छ। केही मुद्दा उच्च र सर्वोच्च अदालतमा सिधै दायर गर्न सकिन्छ । तथापि, अधिकांश मुद्दा जिल्ला अदालतबाट सुरु हुने भएकाले जिल्ला अदालत न्याय प्रणालीको आधारभूत प्रवेशविन्दु हो। मुद्दाको तथ्यको स्थापना र प्रमाणको सङ्कलन एवं परीक्षण जिल्ला अदालतद्वारा हुन्छ। सङ्ख्यामा धेरै मुद्दा फर्स्योटको कार्यभारका अलावा जिल्ला अदालतको महषव फैसलाद्वारा सामाजिक मूल्य, मान्यता र मापदण्ड सुदृढ पार्नुमा छ । कुनै कालखण्डमा नागरिकको नितान्त निजी मामिला ठानिने क्षेत्रमा समेत आफ्नो संलग्नतामा वृद्धि भइरहेको अदालतले महसुस गरेको तथ्य हो । पहिला पहिला गाउँ समाज बसी निप्टारा गरिने विवाद अहिले अदालतद्वारा निरूपण हुन्छन् ।

सबै अदालत र न्यायाधिकरणको मुद्दाको लगत आव २०७१/७२ मा दुई लाख एक हजार ८४४ रहेकामा आव २०८०/८१ मा चार लाख ९७ हजार ३४ भएको र जिल्ला अदालतको मात्र उल्लिखित आवमा एक लाख १४ हजार ७९१ बाट १० वर्षको अन्तरालमा २०३.४८ प्रतिशतले वृद्धि भएर तीन लाख ४८ हजार ३७० पुग्नु नागरिकको मुद्दाप्रतिको जागरुकता र न्यायिक निकायप्रतिको विश्वासको एउटा सूचक पनि हो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## हिमपातका कारण बोस्नियाको उत्तरपश्चिम क्षेत्रमा ५० हजार मानिस अन्धकारमा



*साराजेभो, चैत १४ गते ।*
भारी हिमपात र विद्युत् संरचनामा गम्भीर क्षति पुगेपछि बोस्निया तथा हर्जेगोभिनाको उत्तरपश्चिमी उना-साना क्षेत्रमा करिब ५० हजार उपभोक्ता विद्युत् सेवाबाट वञ्चित भएका छन् । स्थानीय अधिकारीका अनुसार सबैभन्दा बढी समस्या बिहाच र काजिन सहरमा देखिएको छ, जहाँ वितरण सञ्जालमा ठुलो सङ्ख्यामा अवरोध उत्पन्न भएको छ ।

भारी र भिजेको हिमपातका कारण विद्युत् संरचनामा अत्यधिक दबाब परेको छ, जसले प्रसारण र वितरण लाइनमा यान्त्रिक क्षति र अवरोध निम्त्याएको छ । विद्युत् कार्यालयका अनुसार तार तन्किने, टुट्ने र आपसमा बेरिने समस्या देखिएको छ भने हिमको तौलका कारण कङ्क्रीट र फलामका खम्बाहरू पनि क्षतिग्रस्त भएका छन् । साथै रुख ढल्दा र हाँगा भाचिदा थप समस्या सिर्जना भएको छ ।

कडा मौसम र विद्युत् अवरोधका कारण क्षेत्रका प्राथमिक विद्यालय बन्द गरिएको छ । अधिकारीहरूले अधिकांश समस्या साँझसम्म समाधान हुने अपेक्षा गरे पनि पूर्णरूपमा विद्युत् आपूर्ति पुनः स्थापना हुन भने अझ समय लाग्न सक्ने बताएका छन् ।

## बालेन सरकार ...

स्वास्थ्य, शिक्षा, ऊर्जा, कृषि र पर्यटन

सरकारले विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा पोर्टल सञ्चालन गर्नेछ। विद्यालय र विश्वविद्यालयमा राजनीतिक हस्तक्षेप अन्त्य गर्दै मूल्यांकन प्रणाली सुधार गरिनेछ। ऊर्जा क्षेत्रमा विद्युत् निर्यात रणनीति १ महिनाभित्र तयार हुनेछ। कृषकको उपजको न्यूनतम समर्थन मूल्य तय हुनेछ र "एक पालिका-एक शीत भण्डार" कार्यक्रम सुरु गरिनेछ। पर्यटन प्रवर्द्धनका लागि नेपाललाई योग, ध्यान र प्राकृतिक चिकित्सा केन्द्रको रूपमा विकास गर्ने योजना रहेको छ। सामाजिक सुरक्षा र महिला सशक्तीकरण महिलाहरूको सुरक्षित आवतजावतका लागि सातै प्रदेशमा निःशुल्क ब्लु बस सेवा सञ्चालन गरिनेछ। पहिलो चरणमा १०० दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याइनेछ। सार्वजनिक यातायातमा सीसीटीभी र एसओएस बटन अनिवार्य गरिनेछ। भूमिहीन र सुकुमबासीको समस्या समाधानका लागि १००० दिनभित्र डिजिटल लगत संकलन र आवास एकिकृत गर्ने योजना अघि राखिएको छ।

सरकारले यी सुधारमार्फत प्रशासनिक दक्षता, सेवामा पारदर्शिता र नागरिकको जीवनस्तर सुधार गर्ने लक्ष्य लिएको छ। शासकीय सुधारका यी कदमले नेपालको सेवा प्रणालीलाई आधुनिक, द्रुत र उत्तरदायी बनाउने अपेक्षा गरिएको छ।

## ओली ...

गैरकानुनी ठहर गर्दै चुनौती पेश गरिने।
संसदीय मोर्चा (१५-२० चैत २०८२)
उपाध्यक्ष बादलको नेतृत्वमा संसदीय प्रक्रियामार्फत प्रतिवाद।
सांसदहरूलाई रणनीति बनाइ प्रतिनिधिसभा र प्रदेशसभामा कार्रवाई गराइनेछ।
राजनीतिक मोर्चा (१५-२२ चैत २०८२)
उपाध्यक्ष विष्णुप्रसाद पौडेलको जिम्मेवारीमा अन्य राजनीतिक दल, नागरिक समाज र जनसङ्गठनसँग समन्वय।
चरणबद्ध प्रदर्शनमार्फत राजधानीसहित देशभर विरोध निरन्तरता दिइनेछ।
सचिवालयले पार्टीका सबै पंक्तिलाई एकता र संयमित दृष्टिकोण अपनाउँदै आन्दोलनमा सहभागी हुन आह्वान गरेको छ। महासचिव शंकर पोखरेलले वक्तव्यमा भनेका छन्, "देश, जनता र लोकतन्त्रको पक्षमा दृढता कायम राख्दै कानुनी र संवैधानिक मार्गमा प्रतिवाद अघि बढाउनेछौँ।"
एमालेले कार्की आयोगको प्रतिवेदन पूर्वाग्रही र प्रतिशोधपूर्ण ठहर गर्दै नयाँ आयोग गठनको माग राखेको छ। पार्टीले कानुनी मार्गबाट गिरफ्तारीलाई चुनौती दिने, देशभरका जनसङ्गठनमार्फत विरोध प्रदर्शन निरन्तरता दिने र नागरिक समाज तथा अन्य राजनीतिक दलसँग सहकार्य गर्ने रणनीति बनाएको छ।
आन्दोलनले राजधानीसहित देशभर जनसहभागिता बढाउँदै, टायर बाल्ने, नारा लगाउने र निषेधित क्षेत्रमा प्रवेश गर्ने गतिविधिहरू मार्फत सरकारको कदमको विरोध जनाएको देखिन्छ। तर पार्टी नेतृत्वले शान्तिपूर्ण, कानुनी र संयमित प्रतिवादमा जोड दिएको छ, जसले आन्दोलनलाई व्यवस्थित तर दृढ बनाएको छ।

## सरकारद्वारा ...

प्राध्यापक र अन्य राष्ट्रसेवक कुनै पनि दल, समूह वा व्यक्तिगत स्वार्थ केन्द्रसँग आबद्ध नहुँदै आफ्नो जिम्मेवारी निर्वाह गर्नेछन्। उल्लंघन भएमा प्रचलित कानुनअनुसार विभागीय कारबाही गरिनेछ।
यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न सरकारले ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक तर्जुमा गर्ने प्रतिबद्धता जनाएको छ। साथै, विद्यमान भ्रष्टाचार, ढिलासुस्ती र सेवाग्राहीसँग असहज व्यवहार जस्ता प्रवृत्तिहरूलाई सुधार गर्दै कर्मचारी आचारसंहिता कडाइका साथ कार्यान्वयन गरिने छ। कर्मचारीहरूले व्यावसायिक मर्यादा कायम गर्दै, निष्पक्ष र तटस्थ भएर, सरकारका निर्णय प्रभावकारी ढंगले कार्यान्वयन गर्ने वातावरण सुनिश्चित गर्नुपर्ने व्यवस्था पनि कार्यसूचीमा उल्लेख गरिएको छ।
सरकारको यो कदमले सार्वजनिक प्रशासनलाई राजनीतिक दबाबमुक्त र दक्ष बनाउने उद्देश्य राखेको छ, जसले दीर्घकालीन रूपमा सेवा प्रवाहको गुणस्तर र जनविश्वासमा वृद्धि गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।

## सरकार एक्सनमा २०६२ सम्मको राजनितिक पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गर्ने



***१४ चैत्र, काठमाडौँ ।***
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले देशभरका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने निर्णय गरेको छ। भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति र दण्डहीनता अन्त्य गर्ने उद्देश्यसहित १५ दिनभित्र अधिकारसम्पन्न छानबिन समिति गठन गरिनेछ।
समितिको जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत रहनेछ। यसमा कानुन, अर्थ, राजस्व र अनुसन्धान क्षेत्रमा विशेषज्ञ विज्ञ र सम्बन्धित निकायका प्रतिनिधिहरू रहने जनाइएको छ।
सम्पत्ति छानबिन दुई चरणमा सञ्चालन हुनेछ। पहिलो चरणमा २०६२/६३ देखि हालसम्म सार्वजनिक पदमा रहेका प्रमुख पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन, प्रमाणीकरण र छानबिन गरिनेछ। दोस्रो चरणमा विशेष रूपमा २०४८ सालदेखि २०६२ सालसम्मको अवधि समेटिनेछ। यस चरणमा ०४८-०६२ बीच सार्वजनिक पद धारण गरेका सबै प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण जाँच हुने छ। यसमा सम्पत्ति अधिग्रहण, आय स्रोत र कुनै असंगत गतिविधि भएको भए त्यसको अनुसन्धान गरिनेछ। सरकारले यस कार्यमार्फत विगतका वर्षहरूमा दण्डहीन रहेका पदाधिकारी तथा कर्मचारीहरूको पारदर्शिता सुनिश्चित गर्दै प्रशासनिक जिम्मेवारीमा सुधार गर्ने लक्ष्य राखेको छ। विशेष गरी २०४८-२०६२ का वर्षहरूलाई फोकस गर्दै सो अवधिका सम्पत्ति विवरण छानबिन गर्नुको अर्थ भनेको लामो समयदेखि कायम अनियमितता र असमानतालाई पहिचान गरी सुधारको मार्ग खोल्नु हो।

## पुस्ताको ...

गरी पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको गिरफ्तारीपछि उत्पन्न राजनीतिक तनाव तत्काल समाधान गर्नुपर्नेछ। आन्दोलन र प्रतिरोधलाई शान्त पार्दै विधि र कानुनको शासन कायम गर्नु, भ्रष्टाचारको नियन्त्रण, सुशासनको स्थापनाजस्ता मुद्दा पहिलो प्राथमिकतामा रहनेछन्। शिक्षा, स्वास्थ्य, रोजगार र आधारभूत पूर्वाधार सुधार–यी दीर्घकालीन र जटिल समस्याहरूले नयाँ नेतृत्वलाई सतत परीक्षण गर्नेछ।
नेपालको राजनीतिक परिदृश्य अस्थिर छ। अल्पमत-बहुमतको सरकार, नेता परिवारवाद, नातावाद, कृपावाद र गठबन्धनमा आधारित प्रणालीले जनतालाई असन्तुष्ट बनाएको छ। पार्टीभित्रको कुर्सी कब्जा गर्ने प्रवृत्ति, विरोधका स्वर दबाउने प्रयास र ग्रासरुट कमजोर हुनु–यी सबै चुनौती नयाँ नेतृत्वले सामना गर्नुपर्छ। भू-राजनीतिक रूपमा पनि संवेदनशील अवस्था छ। लिपुलेक, लिम्पियाधुरा र महाकाली क्षेत्रसँग सम्बन्धित विवादले नेपाल-भारत-चीन सम्बन्धलाई पेचिलो बनाएको छ। भावनात्मक राष्ट्रवाद लोकप्रिय भए पनि सन्तुलित, परिपक्व र दृढ कूटनीति आवश्यक छ।
शाहको नेतृत्वले जनतामा नयाँ आशा र विश्वास जगाएको छ। भाषणभन्दा कमामा प्राथमिकता दिने शैली, प्रशासनिक सुधार, सुशासन, र जनअपेक्षामा आधारित निर्णयहरू–यी अब वास्तविक परीक्षणमा पर्नेछन्। यदि उनले अवसरलाई सदुपयोग गर्दै देशको मुहार परिवर्तन गर्न, राजनीतिक स्थिरता कायम राख्न र प्रणालीगत सुधार ल्याउन सके, नेपाली राजनीतिमा नयाँ पुस्ताको सफल उदय निश्चित हुनेछ। अब जनताले केवल आशा मात्र होइन, सुस्पष्ट परिणाम र परिवर्तन देख्न चाहन्छन्, र यही परिणामले उनका नेतृत्वको वास्तविक मूल्य निर्धारण गर्नेछ।
शाहको उदयले देखाएको यो राजनीतिक नवीनता, जनकेंद्रित दृष्टिकोण र प्रशासनिक दक्षता नेपाली राजनीतिमा नयाँ अध्यायको सुरुवात सावित हुन सक्छ। अब प्रश्न केवल उत्साह र अपेक्षामा होइन; यो परीक्षण हो–के नयाँ पुस्ताले देशको भविष्यलाई स्थायी सुधार र न्यायपूर्ण शासनमार्फत रूपान्तरण गर्न सक्छ?

हार्दिक बधाई तथा शुभकामना

जनमत पार्टी बाराको जिल्ला अध्यक्ष पदमा मेरा आत्मीय मित्र गजानन्द यादव सर्वसम्मत रूपमा चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु।
तपाईंको समर्पण, नेतृत्व क्षमता र सक्रियताले पार्टीलाई जिल्लामा नयाँ उचाइमा पुर्‍याउनेमा पूर्ण विश्वास लिएको छु। आगामी दिनहरूमा जनताको अपेक्षा अनुरूप प्रभावकारी काम गर्दै सफल कार्यकाल पूरा गर्नुहुनेछ भन्ने शुभेच्छा व्यक्त गर्दछु।
तपाईंको जिम्मेवारी सफल, प्रभावकारी र प्रेरणादायी रहोस् भन्ने कामनासहित पुनः हार्दिक बधाई तथा शुभकामना।



पन्नालाल दास
उपाध्यक्ष, नेपाल पत्रकार महासंघ बारा
एवम्
प्रकाशक/सम्पादक
संवाहक राष्ट्रिय दैनिक परिवार

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# बालेन सरकारको १०० दिने कार्यसुचीको शासकीय सुधार: घरमै सरकारी सेवा, डिजिटल प्रणाली र व्यापक प्रशासनिक सुधार

***१४ चैत्र, काठमाडौं ।***

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले मुलुकमा प्रशासनिक, राजनीतिक र सामाजिक सेवामा आमूल परिवर्तन ल्याउने उद्देश्यसहित 'शासकीय सुधार सम्बन्धी १०० कार्यसूची' सार्वजनिक गरेको छ। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत यो कार्यसूचीले आगामी केही महिनाभित्रै नीति तथा कार्यक्रमसँग मेल खानेगरी प्रशासनको स्वरूप परिवर्तन गर्ने लक्ष्य राखेको छ।



**घरमै सेवा वितरणः पासपोर्ट, नागरिकता र लाइसेन्स**

सरकारले नागरिकलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले पासपोर्ट, नागरिकताको प्रतिलिपि र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) जस्ता सेवाहरू घरमै पुऱ्याउने व्यवस्था अघि सारेको छ। यसका लागि हुलाक सेवालाई आधुनिकीकरण गरी "गभर्नमेन्ट कुरियर सर्भिस" मा रूपान्तरण गरिनेछ। सो व्यवस्था आगामी १०० दिनभित्र लागू हुने योजना रहेको छ। यसले सेवा प्रक्रिया छिटो, सरल, बिचौलिया-मुक्त र पूर्वानुमानयोग्य समयमै उपलब्ध गराउने सुनिश्चितता दिनेछ।

**प्रशासनिक सुधार र मन्त्रालयको पुनर्संरचना**

अहिले २२ रहेका संघीय मन्त्रालयहरूको संख्या घटाएर १७ कायम गर्ने निर्णय कार्यसूचीमा समावेश गरिएको छ। मन्त्रालयहरूको कार्यविभाजन नियमावली ३० दिनभित्र संशोधन गरिनेछ। साथै, बोर्ड, समिति र आयोजना पुनर्संरचना गरी अनावश्यक खर्च घटाउने र उच्चस्तरीय कार्यदलमार्फत प्रतिवेदन तयार गर्ने पनि योजना बनाइएको छ।

**डिजिटल सेवा र फेसलेस प्रणाली**

सरकारले डिजिटल गभर्नेन्समा जोड दिँदै सरकारी कामकाजलाई पूर्ण रूपमा फेसलेस र पेपरलेस बनाउने लक्ष्य राखेको छ। नागरिकले मोबाइल एप वा अनलाइनमार्फत सरकारी प्रमाणपत्र डाउनलोड गर्न सक्नेछन्, कार्यालय धाउनुपर्ने झन्झट घट्नेछ। साथै, कार्यालयमा उपस्थित हुनुपर्ने अवस्थामा अनलाइन समय लिन सकिने व्यवस्था तीन महिनाभित्र सुरु हुने योजना छ।

**भ्रष्टाचार नियन्त्रण र सम्पत्ति छानबिन**

२०४८ सालदेखि हालसम्म सार्वजनिक पदमा रहेका उच्चपदस्थ कर्मचारी र राजनीतिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र अधिकारसम्पन्न समिति गठन हुने व्यवस्था छ। भ्रष्टाचार विरोधी दोस्रो राष्ट्रिय कार्ययोजना पनि १५ दिनभित्र लागू हुनेछ।

**आर्थिक सुधार र लगानी प्रवर्द्धन**


स्टार्टअप फास्ट-ट्र्याक प्रणाली लागू गरेर व्यवसाय दर्ता प्रक्रिया दुई दिनभित्र पूरा गर्ने योजना छ। विदेशी लगानीकर्ताका लागि वान-डोर एप्रुभल सिस्टम एक महिनाभित्र लागू हुनेछ। राष्ट्रिय गौरवका पूर्वाधार परियोजनाहरूको अनुगमन प्रधानमन्त्री कार्यालयको "पीएम डेलिभरी युनिट" मार्फत गरिनेछ।

बाँकी तेस्रो पृष्ठमा

# घरघरमै पासपोर्ट, नागरिकता र लाइसेन्स पुऱ्याउने सरकारको महत्वाकांक्षी योजना

***१४ चैत्र, काठमाडौं ।***

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले सार्वजनिक सेवा प्रवाहमा आमूल सुधार गर्ने उद्देश्यसहित शासकीय सुधारसम्बन्धी विस्तृत कार्यसूची सार्वजनिक गरेको छ। शनिबार बसेको पहिलो मन्त्रिपरिषद् बैठकबाट स्वीकृत उक्त कार्यसूचीले सेवा प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाउने स्पष्ट संकेत दिएको छ।






सरकारले नागरिकले भोग्दै आएको झन्झटिलो प्रक्रिया, ढिलासुस्ती र बिचौलिया समस्यालाई अन्त्य गर्ने लक्ष्यसहित पासपोर्ट, नागरिकता प्रतिलिपि, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लगायतका अत्यावश्यक सरकारी सेवा घरमै उपलब्ध गराउने योजना अघि सारेको छ। यसका लागि परम्परागत हुलाक सेवालाई आधुनिकीकरण गरी "गभर्नमेन्ट कुरियर सर्भिस" का रूपमा विकास गरिनेछ, जसले सरकारी कागजातहरू सुरक्षित र भरपर्दो तरिकाले नागरिकको घरदैलोमै पुऱ्याउनेछ।

कार्यसूचीअनुसार उक्त सेवा आगामी १०० दिनभित्र कार्यान्वयनमा ल्याउने लक्ष्य राखिएको छ। यसले सेवा लिनका लागि सरकारी कार्यालय धाउनुपर्ने बाध्यता घटाउने, समय तथा खर्च बचत गर्ने र सेवामा समान पहुँच सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

सरकारले सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउँदै 'पूर्वानुमानयोग्य समय' भित्र सेवा उपलब्ध गराउने व्यवस्था पनि लागू गर्ने जनाएको छ। यसले नागरिकलाई सेवा कहिले पाइन्छ भन्ने स्पष्ट जानकारी दिनेछ, जसबाट अनावश्यक प्रतीक्षा र अन्योल अन्त्य हुने विश्वास गरिएको छ। त्यसैगरी, सम्पूर्ण सेवा प्रक्रियालाई 'मुहारविहीन' ( फेसलेस), 'समयबद्ध' र पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्ने लक्ष्य कार्यसूचीमा समेटिएको छ। डिजिटल प्रविधिको प्रयोगमार्फत आवेदनदेखि सेवा प्राप्तिसम्मका सबै चरण अनलाइनमार्फत सञ्चालन हुने व्यवस्था मिलाइनेछ। यसले मानव सम्पर्क कम गर्दै भ्रष्टाचार र बिचौलियाको प्रभाव न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ।

सरकारले यस योजनामार्फत प्रशासनिक सुधार, सेवा प्रवाहमा पारदर्शिता तथा जनसन्तुष्टि वृद्धि गर्ने लक्ष्य लिएको छ। साथै, सूचना प्रविधिमा आधारित शासन प्रणाली विकास गर्दै आधुनिक र उत्तरदायी प्रशासन निर्माण गर्ने दिशामा यो महत्वपूर्ण कदमका रूपमा हेरिएको

# ओली गिरफ्तारी विरुद्ध एमालेको देशव्यापी प्रतिवाद, सडक तताउदै प्रदर्शन जारी

***१४ चैत्र, काठमाडौं ।***

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको पक्राउको विरोधमा नेकपा एमालेले देशभर व्यापक आन्दोलन सुरु गरेको छ। प्रधानमन्त्री बालेन्द्र शाहको नियुक्ति पश्चात शुक्रबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेपछि गृहमन्त्री सुधन गुरुङको नेतृत्वमा शनिबार बिहान ओली र कांग्रेस नेता रमेश लेखकलाई पक्राउ गरिएको थियो।







ओली पक्राउ परेको सूचना पाए लगत्तै राजधानीका गुण्डु, चाबहिल, च्यासल लगायतका क्षेत्रमा एमाले कार्यकर्ता परिचालित भए। केही कार्यकर्ताले प्रहरीसँग घम्साघम्सी गरे, तर पार्टी नेतृत्वले शान्तिपूर्ण र संयमित विरोधमा जोड दिएको थियो।

राजधानी बाहेक मोरङ, सुनसरी, झापा, कास्की, बाँके, सुर्खेत, कञ्चनपुर, कैलाली, गुल्मी र चितवन लगायत जिल्लामा समेत विरोध प्रदर्शन भएको थियो। माइतीघर मण्डलामा दिउँसो ३ बजे २३ जनसङ्गठनको आयोजनामा जनप्रदर्शन सम्पन्न भएको थियो। सहभागीहरूले टायर बाल्ने, नारा लगाउने र निषेधित क्षेत्रमा प्रवेश प्रयास गर्ने जस्ता गतिविधिहरू गरे। एमाले प्रचार संयोजक मीनबहादुर शाहीले भने, "हामी मुठभेड चाहँदैनौं, द्वन्द्व चाहँदैनौं, तर गैरकानुनी प्रतिशोधको प्रतिवाद गर्छौं। उत्पन्न परिस्थितिको जिम्मा सरकारले लिनुपर्छ।"

ओली पक्राउ परेपछि बसेको सचिवालय बैठकले आगामी अठार दिनभित्र कानुनी, संसदीय र राजनीतिक मोर्चामा प्रतिवाद अघि बढाउने निर्णय गरेको छ।

**चरणबद्ध कार्यक्रम**

कानुनी मोर्चा (१५-१८ चैत २०८२) उपाध्यक्ष गोकर्ण विष्टको संयोजनमा आइतबार सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दर्ता।

कानुनी प्रक्रिया मार्फत गिरफ्तारी

# सरकारले संघीय मन्त्रालयको संख्या घटाएर १७ कायम गर्ने निर्णय

१४ चैत्र, काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले संघीय मन्त्रालयको संख्या १७ मा सीमित गर्ने निर्णय गरेको छ। सार्वजनिक शासकीय सुधार कार्यसूची अनुसार, मन्त्रालयहरूको संख्या आवश्यकताभन्दा बढी भएकाले चालु खर्च बढिरहेको समस्या समाधान गर्न यो कदम चालिएको हो।



सरकारले ३० दिनभित्र मौजुदा नेपाल सरकारको कार्यविभाजन नियमावली संशोधन गरी मन्त्रालयको संख्या घटाउने योजना अघि सारेको छ। यस क्रममा मन्त्रालयहरूको पुनरावलोकन गर्ने र दरबन्दी व्यवस्थापन गर्दा सेवा प्रवाहमा कुनै असर नपर्ने सुनिश्चित गरिने उल्लेख गरिएको छ।

यो निर्णय बालेन्द्र शाह नेतृत्वको पहिलो मन्त्रिपरिषद् बैठकबाट पारित भएको हो। सरकारले यस कदममार्फत प्रशासनिक दक्षता बढाउने, अनावश्यक खर्च घटाउने र संघीय मन्त्रालयको कार्यप्रवाह अझ व्यवस्थित बनाउने लक्ष्य राखेको छ।

# सरकारद्वारा दलीय ट्रेड युनियन खारेज, ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक तयार

***१४ चैत्र, काठमाडौं ।***

सरकारले सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकमुखी बनाउने उद्देश्य राख्दै दलीय ट्रेड युनियन खारेज गर्ने प्रक्रिया अघि बढाउने भएको छ।



शुक्रबार बसेको मन्त्रिपरिषद बैठकले स्वीकृत गरेको १०० बुँदे शासकीय सुधार कार्यसूचीको बारौं बुँदामा यसबारे उल्लेख गरिएको छ। कार्यसूची अनुसार, सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अनावश्यक राजनीतिक दबाब र हस्तक्षेप हटाइनेछ। यसले निर्णय प्रक्रिया र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

कार्यसूचीमा थप भनिएको छ कि निजामती कर्मचारी, शिक्षक,

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।